मिति: २०८१।१०।२० गते
समय: बिहान ८:०० बजे

बैठक सङ्ख्या :

नगर कार्यपालिकाका नगरप्रमुख श्री भुपेन्द्रकुमार लावती ज्यूको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्र कुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्ण कुमारी निरौला | उपप्रमुख | |
| ३ | श्री विष्णुकुमार मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री डम्वरवहादुर राई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री भुमवहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बू | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री भिमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| २० | श्री चेतनाथ गौतम | नि. प्रमुख प्रशासकीय अधिकृत | |

मिति २०८१ साल माघ २० गते आईतबार बसेको नगर कार्यपालिकाको निर्णयहरु

| णय | प्रस्ताव/ विषय | निर्णय |
|---|---|---|
| | समिक्षा सम्वन्धमा । | गत कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थावारे समिक्षा गरियो । सवै निर्णयहरु कार्यान्वयनमा रहेको पाईयो । |
| | आर्थिक विकास योजना तर्जुमा निर्माण सम्वन्धमा । | लेटाङ नगरपालिकाको मिति २०८१/१०/२६ गते देखि मिति २०८१/१०/१९ गते सम्म संचालित आर्थिक विकास योजना तर्जुमा सम्वन्धी प्रशिक्षण कार्यक्रममा सरोकारवालाहरु समेतको सहभागितामा तर्जुमा गरिएको संलग्न अनुसूची १ बमोजिमको लेटाङ नगरपालिकाको आर्थिक विकास योजना अध्ययनका लागि आर्थिक विकास समितिमा पठाउने र आगामी कार्यपालिका बैठकमा लेटाङ नगरपालिकाको आर्थिक विकास योजना तर्जुमा स्वीकृतीका लागि पेश गर्ने ब्यवस्था मिलाउने । |
| | लेटाङ नगरपालिकाको आयोजना बैंक निर्माण सम्वन्धी परामर्शदाताका तर्फवाट प्रारम्भिक छलफल तथा प्रस्तुतिकरण सम्वन्धमा साथै आयोजना बैंकको मापदण्ड निर्धारण सम्वन्धमा । | लेटाङ नगरपालिकाको आयोजना बैक निर्माणको पुर्व तयारीका क्रममा परामर्शदाताको तर्फवाट डा. कृष्ण बहादुर राईको तर्फवाट पेश भएको प्रस्तावको प्रारम्भिक छलफल गरियो । आयोजना बैकलाई स्थानीय आवश्यकता, प्रचलित कानून र कार्यविधि बमोजिम कार्यान्वयनयोग्य वनाउन सवैपक्षबाट आवश्यक सहयोग र सहजिकरणका लागि अनुरोध गर्ने र आयोजना बैकमा राख्ने योजना छनौट गर्न तपसिल बमोजिमको मापदण्डलाई आधार वनाउने ।<br><u>आयोजना बैंकमा समावेश गरिने योजनाको आधारभुत मापदण्ड</u><br>१. स्थानीय तहको अधिकारक्षेत्र अन्तरगतको विषय ।<br>२. एक भन्दा बढी वडालाई समेट्ने योजनलाई प्राथमिकतामा राख्ने ।<br>३. आवाधिक योजना/मध्यकालिन खर्च संरचनामा समेटिएका आयोजनाहरु प्राथमिकतामा राख्ने ।<br>४. बहु आयामिक/बहुपक्षिय/बहुक्षेत्रिय आयोजनाहरु प्राथमिकतामा राख्ने ।<br>५. दिगो विकासका लक्ष्यलाई योदान पु-याउने आयोजनाहरु<br>६. स्थानीय विकासको मूल संबाहक/प्राथमिकता/रणनीतिक क्षेत्र अन्तरगतको आयोजनाहरु प्राथमिकतामा राख्ने ।<br>७. न्युनतम वजेट सीमा ३० लाख भएका योजनाहरु |
| ४ | स्थानीय आर्थिक विकास संवाद मन्च गठन<br><br>आर्थिक विकास समिति गठन सम्वन्धमा । | लेटाङ नगरपालिकाको आर्थिक विकास सम्वन्धी विषयमा नगरपालिकालाई परामर्श/सुझाव प्रदान गर्ने प्रयोजनका लागि आर्थिक विकास योजना तर्जुमा तालिममा सहभागि सवै र अन्य आवश्यकता बमोजिम विज्ञ आमन्त्रण गरी लेटाङ नगरपालिकाको स्थानीय आर्थिक विकास मन्च गठन गर्ने ।<br>स्थानीय आर्थिक विकास मुल्यांकन कार्यविधि २०७९ को बुदा नं १४ मा भएको ब्यवस्था अनुसार तपसिल बमोजिमको स्थानीय आर्थिक विकास समिति गठन गर्ने ।<br>तपसिल<br>पद \| नाम थर \| कार्यालय/संस्था |

| | | |
|---|---|---|
| संयोजक | नगर प्रमुख<br>श्री भुपेन्द्र कुमार लावती | लेटाङ नगरपालिका |
| सदस्य | नगर उप प्रमुख<br>श्री कृष्ण कुमारी निरौला | लेटाङ नगरपालिका |
| सदस्य | आर्थिक विकास समितिका संयोजक<br>श्री भूम सुर्य मगर | लेटाङ नगरपालिका |
| सदस्य | अध्यक्ष<br>श्री खड्ग श्रेष्ठ | उद्योग बाणिज्य संघ |
| सदस्य | अध्यक्ष | नेपाल घरेलु तथा साना उदयोग महासंघ |
| सदस्य | अध्यक्ष | उत्पादनमा आधारित सहकारी मध्येवाट संयोजकले तोकेको |
| सदस्य | ब्यवस्थापक | स्थानीय तहमा रहेका बैंक मध्येवाट संयोजकले तोकेको एक बैंकका प्रमुख |
| सदस्य | उद्यमी | स्थानीय तहमा सवैभन्दा बढी रोजगारी सृजना गर्ने उद्यमी |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत<br>श्री बिष्णु प्रसाद सुवेदी | लेटाङ नगरपालिका |

| | | |
|---|---|---|
| | आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन प्रतिवेदन समिक्षा सम्वन्धमा । | आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अवस्थाका बारेमा प्राप्त अनुगमन प्रतिवेदन माथि समिक्षा गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई पुर्ण पालना गर्दै आर्थिक र प्रशासनिक कार्यहरु गर्न प्रतिवध्दता ब्यक्त गर्ने । |
| | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण सम्वन्धी अनुगमन प्रतिवेदन समिक्षा सम्वन्धमा । | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण सम्वन्धी अभ्यासको अनुगमन गरि सो को समिक्षा गरियो । दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्ने प्रयास सुधारोन्मुख रहेको र यस कार्यलाई क्रमबध्दरुपमा योजना तर्जुमाका चरणबाटनै पुर्ण पालना गर्दै योजना छनौट, कार्यान्वयन, अनुगमन र लक्ष्य उन्मुख सांकेतिकरण गर्ने कार्य प्रकृया अगाडी बढाउने । |
| ७ | लेटाङ नगरपालिका स्तरिय भू-उपयोग वर्गिकरण सम्वन्धी गुनासो सम्वन्धी सूचना प्रकाशन सम्वन्धमा । | स्थानीय भू-उपयोग परिषद, लेटाङको मिति २०८१/०८/१८ को निर्णयानुसार जग्गाको कित्तागत विवरण सम्वन्धमा गुनासो गर्ने सम्वन्धी मिति २०८१/१०/१८ गते प्रकाशित सूचना अनुमोदन गर्ने र सवै वडा कार्यालयहरुले प्राप्त गुनासो कानून बमोजिम संसोधनका लागि आवश्यक सहजिकरण गर्न अनुरोध गर्ने । |
| ८ | क्लव दर्ता सम्वन्धमा । | लेटाङ नगरपालिका वडा नं. ४ मा लेटाङ फुटबल क्लव नामक क्लव दर्ताका लागि प्राप्त आवेदन बमोजिम लेटाङ नगरपालकाको सस्था दर्ता ऐन बमोजिम क्लव दर्ता गर्न गर्न सहमति प्रदान गर्ने । |
| ९ | धन्यवाद ज्ञापन तथा स्थानीय आर्थिक विकास योजना तर्जुमा | लेटाङ नगरपालिकामा आर्थिक विकास योजना तर्जुमा सम्वन्धी तालिम ब्यवस्थापन गर्ने र लेटाङ नगरपालिकाको आर्थिक विकास योजना |

| | |
|---|---|
| कार्यक्रमको खर्च ब्यवस्थापन सम्वन्धमा । | तर्जुमा निर्माण गर्न सहयोग गर्ने स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने । स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको सहयोगमा आर्थिक विकास योजना तर्जुमा सम्वन्धी ४ दिने प्रशिक्षण कार्यक्रममा प्रशिक्षक तथा सहजकर्ताहरुको आवास र खाना खर्च तथा सहभागिहरुको खाजा खर्च र यातायात खर्च (दैनिक रु५००।- का दरले यातायात खर्चको लागि ) नगरपालिकाले क्षमता बिकास कार्यक्रम/विविध शिर्षकबाट नगरपालिकाले खर्च लेख्ने गरी भुक्तानी गर्न सहमति प्रदान गर्ने । |
| साझा भवन मर्मत सम्भार सम्वन्धमा। | नगर प्रहरी ब्यारेक निर्माणका लागि मिति २०८१/०९/१९ मा पेश भएको लागत अनुमानमा विद्युतिय र रोनटरी लगायतका कार्य छुटेको कारण लागत अनुमान संसोधनका लागि प्राविधिक शाखाबाट पेश भए बमोजिम रु ११९९६४२.५० लागत अनुमान स्वीकृत गरी खरिद कार्य अगाडी बढाउन अनुमती प्रदान गर्ने ।<br>(स्रोत- निर्मित सार्वजनिक सम्पतीको मर्मत सम्भार खर्च वा अन्य मौज्दात अन्य शिर्षकवाट ) |
| वजेट विनियोजन | १.लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित संसारी मन्दिर निर्माणका लागि वडा कार्यालयवाट रू६०००० विनियोजन भएकोमा प्राविधिक स्टमेट वमोजिम अपुग रकम रू५००००/- कन्टेन्जेन्सी खर्च शिर्षकवाट वजेट विनियोजन गर्ने।<br>२.लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित लाख हर्दिया मुर्चुङ्गी सडक मोड सुधार तथा मर्मत संभार आवश्यक रहेकाले उक्त कार्यका लागि रू९८,०००/- वजेट विनियोजन गर्ने। (श्रोतः सडक मर्मत संभार)<br>३.लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित फेदि खर्वनी सडकको मोड सुधारका लागि आवश्यक रहेकाले उक्त कार्यका लागि रू७०,०००/- वजेट विनियोजन गर्ने। (श्रोतः सडक मर्मत संभार )<br>४. लेटाङ नगरपालिका वडा नं ६ मा अवस्थित श्री भुवा चिसाङ सिचाई जल उपभोक्ता संस्थाको माग निवेदन वमोजिम वडा नं ५ र ६ मा सिचाई हुने भएकाले उक्त पैनिको स्तरउन्नतीका लागि प्राविधिक स्टमेट बमोजिम रू२२१४३६/- वजेट विनियोजन गर्ने। (श्रोतः निर्मित पैनिहरूको मर्मत संभार ) |
| आर्थिक सहयोग सम्वन्धमा । | १.लेटाङ नगरपालिका वडा नं. २ बस्ने दिल बहादुर गुरुङको घरमा जंगली हात्तीले मिति २०८१/०९/०९ मा प्रवेश गरी धान तथा घर क्षती पु-याएको हुनाले वडाको सिफारिसपत्र बमोजिम रु५०००/- आर्थिक सहयोग गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष)<br>२.लेटाङ नगरपालिका वडा नं. २ बस्ने नर बहादुर बुढाथोकीको घरमा जंगली हातीले मिति २०८१/०९/०८ मा प्रवेश गरी धान तथा घरछेउको कटेरो क्षती पु-याएको हुनाले वडाको सिफारिसपत्र बमोजिम रु६०००/- आर्थिक सहयोग गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष)<br>३.लेटाङ नगरपालिका वडा नं. २ बस्ने धन बहादुर खत्रीको घरमा जंगली हात्तीले प्रवेश गरी धान क्षती पु-याएको हुनाले वडाको सिफारिसपत्र वमोजिम रु२५००/- आर्थिक सहयोग गर्ने ।(स्रोत- प्रकोप व्यवस्थापन |

| | | |
|---|---|---|
| | | कोप)<br>४.लेटाङ नगरपालिका २ नं वडामा अवस्थित लाफा क्लबले मगरहरूको माहान चाडॅ माघि पर्वको अवसरमा धार्मिक तथा सांस्कृतिक कार्यक्रम तथा फुटबल प्रतियोगिता संचालनका लागि आर्थिक सहयोग माग गरकोमा निजलाई रू१५०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः कार्यक्रम खर्च)<br>५.लेटाङ नगरपालिका लेटाङ क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनबाट शैक्षिक अवलोकन भ्रमणका लागि आर्थिक सहयोग माग भई आएकाले उक्त भ्रमणका लागि रू१५०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतःकार्यक्रम खर्च)<br>६.लेटाङ नगरपालिका वडा नं.१ वस्ने कर्ण वहादुर लिम्वुको मिति २०८१/०८/१६ मा भएको आगलागीबाट घर पूर्णरुपमा जलेको र हालसम्म पनी अस्थायी वसोवासको व्यवस्थापन हुन नसकेको र निजको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको देखिए वमोजिम वडा नं १ को सिफारिस पत्र र अन्य कागजातका आधारमा निजको अस्थायी बसोबास समेतको व्यवस्था मिलाउनका लागि रु२०,०००/- आर्थिक सहयोग गर्ने। (स्रोत- प्रकोप व्यवस्थापन कोप)<br>७.लेटाङ नगरपालिका वडा नं ९ मा वसोवास गर्ने श्री योगेन्द्र धितालले मितिः२०८१।०९।२४ गतेको दिन विहान ४ वजेको समयमा जंगली हात्तिले वालिनाली खाएको तथा पक्की भौतिक संरचनामा क्षती गरेको भनी प्रहरी मुचुल्का सहित आर्थिक सहयोग माग गरेकोमा निजलाई क्षतिपूर्ति स्वरूप आर्थिक सहयोग रू१००००/-(श्रोतः प्रकोप व्यवस्थापन कोप)<br>८.नेपाल निजामती कर्मचारी संगठनले वाह्रो महाधिवेशन सन्चालनका लागि आर्थिक सहयोग माग गरेकोमा उक्त संगठनलाई रू१५०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः कार्यक्रम खर्च) |
| ३ | रकम बाँडफाँड सम्वन्धमा। | पेज वुष्ट मार्फत सूचना तथा गतिविधि सम्प्रेषण शिर्षकमा आ.व.२०८१।८२ को स्विकृत कार्यक्रमबाट रू२,५०,०००/- बजेट पालिका सेरोफेरो शिर्षकमा नगरपालिकाको गतिबिधिहरू सार्वजनिकिरणका लागि विनियोजन गर्ने। |
| ४ | रेडक्रस सोसाईटीलाई जग्गा व्यवस्थापन सम्वन्धमा | लेटाङ नगरपालिका वडा नं २ को सिफारिस बमोजिम रेडक्रस सोसाईटिले घर निर्माणमा सहयोग गरी बसोबास गरिरहेको जग्गा रेडक्रस सोसाईटिकै नाममा जग्गा धनिपूर्जा कायम रहेकाले उक्त जग्गा सम्वन्धित बसोवास गरिरहेका व्यक्तिहरूको नाममा नामसारी गरिदिनुहुन सिफारिस गर्ने। |
| ५ | तराई मधेस समृद्वी कार्यक्रमको योजना छनौट सम्वन्धमा। | तराई मधेस समृद्विका कार्यक्रमको योजनाहरु प्राथमिकताको आधारमा तपसिल बमोजिम छनौट गर्ने।<br><u>तपसिलः</u><br>१.लेटाङ नगरपालिका वडा नं ८ लालझोडामा सिंचाई योजना । |